नेपाल ई पि एस सेन्टर, एच आर डि कोरिया

# अस्थायीरुपमा नेपाल फर्केका ई पि एस कामदारहरुले सेल्फ क्वारेन्टिन कन्फर्मेशन पत्र अनिवार्य लिन पर्ने सम्बन्धी सूचना

१. सन् २०२० अप्रिल १ तारिख ० बजे(कोरियन समय)देखि कोरिया प्रवेश गर्ने सम्पूर्ण यात्रुहरु कोरोना १९ संक्रमण रोकथामको निमित्त क्वारेन्टिन ऐन, आदिमा आधारित नियमानुसार कोरिया प्रवेश गरेको भोलि पल्टदेखी १४ दिनसम्म क्वारेन्टिन बस्न पर्ने व्यक्तिहरुमा पर्दछन् ।

○ कोरियाको बस्ने ठाउँमा होटल, गोसिवन, साउना, साथीको घर, NGO वा विदेशीहरुलाई लक्षित गरि चलाएको सेल्टर, आदि मान्य हुने छैन । क्वारेन्टिन बस्ने ठाउँ अलगै भएको **आफ्नो घर, कम्पनीको होस्टल** (रोजगारदाता राजी भएमा), आदि मात्र मान्य हुनेछ । एउटै ट्वाइलेट र खाना खाने ठाउँ प्रयोग गर्न मिल्ने छैन ।

○ कोरियामा क्वारेन्टिन बस्ने स्थान नभएमा विदेशी यात्रुहरु लक्षित क्वारेन्टिनमा कडाईको नियम रद्द नहुन्जेलसम्म कोरिया प्रवेश गर्ने दिन सार्नु पर्ने छ ।

२. रोजगार अनुमति प्रणाली अन्तरगतका विदेशी कामदार(E-9)हरुले कोरिया जाने बोर्डिङ पास लिनको लागि **"सेल्फक्वारेन्टिन कन्फर्मेशन पत्र"बुझाउनु** पर्ने छ । सो "सेल्फ क्वारेन्टिन कन्फर्मेशन पत्र" नबुझाएमा वा १४ दिन सेल्फ क्वारेन्टिनको लागि मन्जुर नभएमा कोरिया प्रवेश रोक लाग्न सक्छ ।

३. रोजगार अनुमति प्रणाली नेपाल सरकार र दक्षिण कोरियाली सरकारले संयुक्तरुपमा सञ्चालन गरेको प्रणाली भएकोले "सेल्फ क्वारेन्टिन कन्फर्मेशन पत्र" जारी गर्नको निमित्त तल दिए अनुसारको प्रकृया पुरा गर्नुपर्छ ।

**पहिलो चरण** : कामदारले कोरियामा सेल्फक्वारेन्टिन बस्न मिल्ने स्थानको बन्दोबस्त गर्ने, बिदामा आएका कामदारहरुले रोजगारदातासँग सम्पर्क गरि सेल्फक्वारेन्टिन स्थल र १४ दिने सेल्फक्वारेन्टिन विषयमा मन्जुर गराउने (रोजगारदाता मन्जुर नभएमा सेल्फक्वारेन्टिन पत्र जारी गरिने छैन ।)

**दोस्रो चरण** : नेपाल सरकारले गरेको निर्णय (http://epsnepal.gov.np/news/, 2020. 04. 29) बमोजिम स्वास्थ्य परिक्षण गर्ने ।

**तेस्रो चरण** : स्वास्थ्य परिक्षणको रिपोर्ट (अङ्ग्रेजीमा) सँगै सेल्फ क्वारेन्टिन कन्फर्मेशन पत्रको निवेदन (कोरियनमा वा अङ्ग्रेजीमा) नेपाल सरकार (ई पि एस कोरिया शाखा) लाई बुझाउने ।

**चौथो चरण** : निवेदन दिएका कामदारहरुको नामावली नेपाल सरकारले उडानको दिनभन्दा कम्तीमा ७ दिन अगाडि नेपाल ई पि एस सेन्टर, एच आर डि कोरियालाई आधिकारिक पत्रमार्फत उपलब्ध गराउने ।

**पाँचौ चरण** : नेपाल ई पि एस सेन्टर, एच आर डि कोरियाले सेल्फ क्वारेन्टिन स्थल योग्य छ छैन भनि जाचँ गर्नका साथै रोजगारदाता मन्जुर भए नभएको पक्का गर्ने ।

**छैठौं चरण** : नेपाल ई पि एस सेन्टर, एच आर डि कोरियाले सेल्फ क्वारेन्टिन कन्फर्मेशन पत्र जारी हुने नहुने दुवै खाले कामदारहरुको नामावली नेपाल ई पि एस सेन्टरको वेब साइटमा (www.epsnepal.org) प्रकाशन गर्ने छ । (***उडानभन्दा ३ दिन अगाडि***)

**सातौं चरण** : सेल्फ क्वारेन्टिन कन्फर्मेशन पत्र वितरण गर्ने दिन, समय र स्थानको बारेमा पछि होम पेजमा राखिने ।

(***उदाहरण:*** *उडान अघिल्लो दिन नेपाल ई पि एस सेन्टरको कार्यालयमा वा उडानको दिन विमानस्थलको प्रस्थान क्षेत्रमा*)

४. रोजगारदाताको मन्जुरी र सेल्फ क्वारेन्टिन स्थल चेक गर्नु पर्ने भएकोले निवेदन पत्र ढिलो बुझाएमा वा गलत/असत्य विवरण भरेमा "सेल्फ क्वारेन्टिन कन्फर्मेशन पत्र" जारी नहुन सक्ने छ । सेल्फ क्वारेन्टिन कन्फर्मेशन पत्र जारी नभएका व्यक्तिहरु कोरिया प्रवेश गर्न पाउने छैनन् ।

○ कोरिया प्रवेश मिति, समय, प्रयोग गर्ने फ्लाइटको नाम परिवर्तन भएमा कामदारले अनिवार्यरुपमा उडानभन्दा २ दिन अघि भित्र नेपाल ई पि एस सेन्टरमा जानकारी दिएर विवरण सच्याउनु पर्ने छ ।

५. सेल्फ क्वारेन्टिन नियम उल्लंघन गरेमा १ वर्ष कैद वा १ करोड वन जरिवाना, कोरियाबाट निष्काशण, भिसा रद्द, सधैको लागि कोरिया प्रवेश निषेध, आदि दण्ड सजाय हुन सक्ने छ ।

६. जानकारी

○ नेपाल सरकार (ई पि एस कोरिया शाखा, ग्वार्को)

- फोन नं : ०१-५१८६३४९, ०१-५१८६३५०

○ HRD Korea (नेपाल ई पि एस सेन्टर, ग्वार्को )

- कार्यालय समय : सोमबार ~ शुक्रबार, ०९:०० ~ १७:००

**<लकडाउन अवधि भरि कार्यालय आउन निषेध>**

- फोन नं : ०१-५५२०४४५

**२०२०. ०५. ०८**

**नेपाल ई पि एस सेन्टर प्रमुख**